बैजनाथ गाउँपालिका

# बैजनाथ राजपत्र

खण्ड : ०५ संख्या : १३ भाग : ०२ प्रकाशित मिति : २०७८/१२/२६

## बैजनाथ गाँउपालिका “बाल कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/१२/१२
गाउँपालिका अध्यक्षबाट प्रमाणिकरण मिति : २०७८/१२/२०

### प्रस्तावनाः

विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गराउनका लागि एक कोष स्थापना गर्न आवश्यक भएकाले बैजनाथ गाँउपालिका भित्रका बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त भएकोले बैजनाथ गाउपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बैजनाथ गाँउपालिकाले यो कार्यविधी बनाएको छ ।

**१.कोषको नाम र प्रारम्भ :**

(क) यस कोषको नाम "बैजनाथ गाँउपालिका बाल कोष (स्थापना र सञ्चालन) कार्यविधी, २०७८" रहेको छ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भइ राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ ।

**२.परिभाषा :**

(क) "ऐन" भन्नाले सघीय संसदले बनाएको बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिमका बालबालिका सम्झनुपर्दछ ।

ग) "कोष" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको बाल कोष सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले दफा ८ बमोजिम गठित कोष सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यविधी" भन्नाले बैजनाथ गाँउपालिका बाल कोष (स्थापना र सञ्चालन) कार्यविधी २०७८ भन्ने सम्झनु पर्दछ ।

(च) "गाँउपालिका" भन्नाले बैजनाथ गाँउपालिका भन्ने सम्झनु पर्दछ

**३. विशेष संरक्षणको आवश्यकता भएका बालबालिका :** विशेष संरक्षणको आवश्यकता भएका बालबालिका अन्तगत निम्न बालबालिका पर्दछन्।

१) जोखिमपूर्ण श्रममा संलग्न रहेका

२) यौनशोषण, यौन दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका,

३) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्ब्यवहारबाट पीडित,

४) अपाङ्गता भएका,

५) दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,

६) हिंसाबाट प्रभावित एवं पिडित भएका,

७) हराएको वा बेवारिसे अवस्थामा फेला परेका,

८) ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित भएका,

९) बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरको कारणले बेवारिसे भएका,

१०) बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका,

११) सुस्त मनस्थिति भएका,

१२) अपहरण वा शरीर बन्धकमा परेका,

१३) सडक बालबालिका,

१४) एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,

१५) सञ्चालक समितिले आपतकालिन अवस्थामा रहेका भनी ठम्याएका अन्य बालबालिका ।

**४. निवेदन दिन सक्ने :** यस कार्यविधिको दफामा उल्लेख गरिएका बालबालिकाहरूको संरक्षण, उद्धार तथा राहतको लागि आफ्नो परिचय खुल्ने गरी यस गाँउपालिका वा सम्बन्धित वडाहरूमा बसोबास गर्ने जोसुकै सरोकारवाला/व्यक्तिले बैजनाथ गाँउकार्यपालिका अन्तर्गत महिला तथा बालबालिका शाखा, वडा कार्यालय वा वडा स्तरीय बालअधिकार संरक्षण समितिको कार्यालयमा बालबालिकाको विस्तृत बिवरण खुल्नेगरी निवेदन दिन सक्नेछ।

**५. कोषको स्थापना :**

(१) बैजनाथ गाँउपालिका क्षेत्रभित्र विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनस्र्थापना गराउने काम समेतका लागि एक बाल कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमको रकमहरु रहनेछन्।

(क) संघीय, प्रदेश तथा स्थानीय सरकार बाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) उदफा (२) को खण्ड (ख) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिइनेछ ।

(४) कोषले आफ्ना उद्देश्यसँग मेल खाने संघीय, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने बाल हेल्पलाईन जस्ता कार्यक्रमसँग समन्वय गरी क्रियाकलाप सञ्चालन गर्नेछ ।

**६. कोषको उपयोग** : कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः–

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवार खोजी गरी पुनर्मिलन तथा पुनस्र्थापना गर्न,

(च) खण्ड (क) देखि (ङ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्यआवश्यक कार्य गर्न ।

**७. कोषको रकम उपयोग गर्न नपाइनेः**

सञ्चालक समितिको बैठक भत्ता, खाजा, भ्रमण मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन । तर अत्याबश्यक कार्य सम्पादन गर्न लाग्ने भिभिन्न खर्चहरु जस्तो : यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न समितिको लिखित निर्णय सहितको सिफारिसमा न्युनतम रकम खर्च गर्न यस नियमले बाधा पुर्याएको मानिनेछैन ।

**८. समितिको गठन**

(१) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने कामका लागि एक कोष सञ्चालन समिति रहनेछ|

(२) समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) बालअधिकार समितिको संयोजक - संयोजक

(ख) सामाजिक विकास समितिको संयोजक वा समितिको अरु कुनै सदस्य १ जना - सदस्य

(ग) गाउपालिकास्तरीय बालसंजालको अध्यक्ष वा प्रतिनिधी - सदस्य

(घ) गाउपालिकामा बालअधिकारको क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाहरु मध्येबाट गाँउपालिका अध्यक्षले मनोनयन गरेको एक जना संस्थाको प्रतिनिधी - सदस्य

(ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा निजले तोकेको कर्मचारी — सदस्य

च ) महिला तथा बालबालिका शाखा प्रमुख सो नभए कार्यालयले तोकेको कर्मचारी - सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमको सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजको पुनः मनोनयन हुन सक्नेछ ।

**९. समितिको काम, कर्तव्य, अधिकार :**

१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ

(क) कोष बृद्धिको लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवद्र्धनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ख) कोषको रकमको संरक्षण गर्ने,

(ग) दफा ५ बमोजिम कोषको रकम उपयोग गर्ने,

(घ) कोषमा रहेको रकम खर्च वा वितरणसम्बन्धी मापदण्ड बनाई लागू गर्ने,

(ङ) तत्काल खर्च नहुने कोषको रकम अक्षय कोषमा राख्ने वा अन्य क्षेत्रमा लगानी गर्ने सम्बन्धी मापदण्ड बनाई लागु गर्ने,

(च) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाका क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक संघ, संस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(छ) कोषको आय व्ययको विवरण, लेखा परीक्षण प्रतिवेदन वार्षिक रुपमा कार्यपालिका बैठकमा पेश गर्ने,

(ज) समितिबाट गरिने कार्यक्रमको अनुगमन गर्ने वा गराउने,

(झ) विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति आवश्यक अन्य उपयुक्त कार्य गर्ने, गराउने

**१०. समितिको बैठक र निर्णय :**

(१) कोष व्यवस्थापन तथा सञ्चालन समितिको बैठक आवश्यकताअनुसार बस्नेछ,

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(३) समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनुपर्नेछ,

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ,

(५) कोष संचालन समितिले सर्वसम्मत्का आधारमा निर्णय गर्नेछ । सर्वसम्मत नभएमा बहुमतको निर्णयलाई समितिको निर्णय मानिनेछ । सदस्यहरुको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ|

(६) समितिले आवश्यकता अनुसार जिम्मेवार पदाधिकारी र कर्मचारी वा कुनै बिषय बिज्ञ व्यक्तिलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछन् । आमन्त्रित सदस्यदको मताधिकार हुने छैन|

(७) समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गरी राख्नुपर्नेछ|

(८) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

**११. सहयोग सम्बन्धी मापदण्ड :**

(१) गाँउपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएको बालबालिका छ भनी कसैले गाउपालिकामा निवेदन दिन वा लिखित वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन्।

(२) दफा (१) बमोजिम जानकारी प्राप्त भएपछि कार्यालयले समितिको सदस्य सचिवमार्फत आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने ब्यबस्था मिलाउने छ |

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने लागेमा निजले समितिको बैठक आव्हान गर्ने छन्।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको निमित्त समितिले देहाय बमोजिमको आर्थिक सहयोगको निर्णय गर्नेछ :

(क) कोषबाट एक पटकमा बढीमा रु. १०,०००।–सम्म निर्णय गरि सहयोग गर्न सकिनेछ ।

(ग) कोषबाट सामान्यतः एक जनालाई एक पटक सहयोग गरिनेछ । तर, विशेष स्थितिमा समितिको निर्णयले थप एक पटक पहिलेको सहयोगको पचहतर प्रतिशत सम्म सहयोग गर्न सकिने छ ।

(५) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा सदस्य सचिवको सिफारिसमा अध्यक्षले कोषबाट एकपटक तत्काल सम्बन्धित बालबालिकाको निमित्त दश हजार रुपैयाँ उपलब्ध गराउन सक्नेछन्।

(६) उपदफा (५) बमोजिम बालबालिकालाई रकम उपलब्ध गराइएकोमा त्यसरी रकम उपलब्ध गराइए पछि बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनु पर्नेछ ।

(७) समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यक्रमका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

८) कोषको रकम रु १००००। सम्म सानो नगदिकोषको रुपमा सदस्य सचिवले पेश्की स्वरुप लिई रु १००००। सम्म आवश्यकता, औचित्य र कोष सञ्चालन कार्यविधि अनुसार उपलव्ध गराउने प्रबन्ध कार्यालायाको हुनेछ । सो सानो नगदी कोष खर्च भएमा सो को फछ्यौट पश्चात पुन पेश्की स्वरुप दिन सकिने र सो को विवरण समितिको वैठकमा पेश गरी अनुमोदन गर्नु पर्ने छ ।

**१२. खाताको सञ्चालन :**

(१) कोषको रकम समितिले बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) बैंक खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३. कोषको लेखा र लेखा परिक्षण :**

(१) कोषको आय व्ययको लेखा गाँउपालिकाले अपनाएको नियमबमोजिम राखिनेछ ।

(२) कोषको आय तथा व्ययको लेखापरीक्षण कानुन बमोजिम हुनेछ ।

**१४. रकम फ्रिज नहुनेः** प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भएता पनि कोषको रकम आर्थिक वर्षको अन्त्य सम्म खर्च नभइ बाँकी रहेमा पनि फ्रिज हुने छैन ।

**१५. प्रतिवेदन प्रकाशन गर्नुपर्नेः**

(१) समितिले आफूले गरेको कामको प्रतिवेदन वार्षिक रुपमा गाँउ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उप दफा (१) बमोजिमको प्रतिवेदन गाँउ कार्यपालिकाले वार्षिक रुपमा प्रकाशन गर्नुपर्नेछ ।

**१६. कोषको सचिवालय :**

कोषको सचिवालय गाँउ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

**१७. अभिलेख राख्ने :**

समितिले सम्पादन गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**१८. संशोधन, स्वतः निष्कृय तथा खारेजी :**

(१) आबश्यकताको आधारमा गाँउ कार्यपालिकाले कार्यविधी संशोधन गर्न सक्नेछ ।

(२) गाँउपालिकाले उक्त कोषको आवश्यक नठानेमा कोष खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कोष खारेज भएमा कोषको रकम गाँउपालिकाको संचित कोषमा स्वतः सर्नेछ ।

(४) यस कार्यविधिमा लेखिएका प्रावधान प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

आज्ञाले,

दान बहादुर ऐडी

प्रमुख प्रशासकीय अधिकृत

मुद्रण : मिशन प्रिन्टीङ प्रेस, कोहलपुर बाँके, मूल्य रु. ५/-

घरेलु दर्ता नं. ११९/४६१४/२०७०/२०७१